

नेपालमा जलवायु परिवर्तनका आसन्न संकटहरू

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com
३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



वर्ष-२१ | अंक - २४४ | २०८३ असोज ०६ गते सोमबार | Tuesday, 22 Sept. 2026 | मूल्य ७ /-


## राहत कोषमा करिब १५ अर्ब रूपैयाँ संकलन

दमक/ रसुवाको भोटेकोशी नदीमा आएको बाढी प्रभावितका लागि आर्थिक सहयोग जुट्ने क्रम बढ्दै गएको छ । नेपाल सरकारले सञ्चालन गरेको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा हाल करिब १५ अर्ब जम्मा भइसकेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार हाल कोषमा १४ अर्ब ८८ करोड ९० लाख ३८ हजार ८७१ मौज्दात छ । सरकारले उक्त कोषमा जम्मा भएको सहयोग रकमबाट यसअघि एक अर्ब बाढी प्रभावित क्षेत्रका लागि निकासा गरिसकेको छ । कार्यालयका अनुसार कोषका विभिन्न नौ वटा वाणिज्य बैंकमा ११ अर्ब १४ करोड २० लाख ५० हजार ९४७ र हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेको डलर खातामा दुई करोड ४४ लाख ७४ हजार १२१ अमेरिकी डलर जम्मा भएको छ ।

## झापा प्रशासनको पहल

दमक/ झापामा पछिल्लो समय बजारमा बढ्दो अत्यावश्यक वस्तुको अनावश्यक मूल्य वृद्धि, कालोबजारी, कृत्रिम अभाव सृजना, अनावश्यक सञ्चय लगायतका उपभोक्ता हक विपरीतका गतिविधि नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय झापाले पहल थालेको जनाएको छ । उपभोक्ता हित संरक्षणका लागि जिल्ला प्रशासनले बजार अनुगमनलाई प्रभावकारी बनाउने विषयमा चन्द्रगढीमा सरोकारवालाहरू बीच समन्वय तथा अन्तरक्रिया गर्दै झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले कानून विपरीतका कुनै पनि गतिविधि दण्डनीय हुने भएकाले कानूनको पालना गर्न सबैलाई आग्रह गरेका छन् । बजार अनुगमनलाई प्रभावकारी रूपमा अगाडि बढाइ उपभोक्ताको हित संरक्षण गर्न सबै सरोकारवाला अघि बढ्नुपर्नेमा प्रजिअ पोखरेलले जोड दिएका छन् ।

## निःशुल्क दन्त शिविर

दमक । झापाको दमक नगरपालिका-३ स्थित नेपाल-जापान फ्रेन्डसिप स्कुलमा तेजस् डेन्टल क्लिनिकले एकदिने स्वास्थ्य शिविर सम्पन्न गरेको छ ।

शिविरमा विद्यालयका विद्यार्थी तथा अभिभावक गरी करिब २५० बढीले स्वास्थ्य परीक्षण तथा दाँतसम्बन्धी सेवा लिएका छन् । शिविरमा डा. श्रद्धा दंगालसहितको चिकित्सकीय टोलीले दाँत तथा मुखसम्बन्धी स्वास्थ्य परीक्षण तथा परामर्श प्रदान गरेको थियो ।

तेजस् डेन्टल क्लिनिकका सञ्चालक कमल गैरेका अनुसार शिविरमा सहभागी विद्यार्थी तथा अभिभावकलाई क्लिनिकबाट प्रदान गरिने उपचार सेवामा ३० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ ।

# डेंगु सङ्क्रमणले झापा उच्च जोखिममा

पूर्वसन्देश समाचार

दमक/ कोशी प्रदेशमा डेंगु सङ्क्रमणको दर तीव्र रूपमा बढ्दै गएको छ । प्रदेशका १३ जिल्लामा फैलिएको डेंगुबाट झापा जिल्ला सबैभन्दा उच्च जोखिममा परेको छ । कोशी प्रदेश स्वास्थ्य निर्देशनालयकी जनस्वास्थ्य अधिकृत स्मृति लुइँटेलका अनुसार सन् २०२६ को सेप्टेम्बर १९ सम्मको तथ्यांकअनुसार प्रदेशभर ७ सय ९३ जनामा डेंगु सङ्क्रमण पुष्टि भइसकेको छ ।

सङ्क्रमण पुष्टि भएकाहरूमध्ये झापामा मात्रै हालसम्म २ सय २८ जना रहेका छन् । दोस्रो धेरै सङ्क्रमित भेटिएको जिल्ला सुनसरी हो, जहाँ २ सय ३ जनामा सङ्क्रमण पुष्टि भइसकेको छ ।

निर्देशनालयका अनुसार ओखलढुंगामा १ सय २२ जना र खोटाङमा ८२ जनामा सङ्क्रमण देखिएको छ । यसैगरी पाँचथरमा ४४, उदयपुरमा ३४, भोजपुरमा ३१, मोरङमा २०, सत्तुवासभामा १८, धनकुटामा ४, सोलुखुम्बुमा ३, तेह्रथुममा ३ र ताप्लेजुङमा १ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ ।

सोही अवधिमा विभिन्न जिल्लामा डेंगु सङ्क्रमणका ५१ वटा सम्भावित र दुई वटा शंकस्पद बिरामी अस्पतालमा भर्ना भएर उपचार गराइरहेका छन् । सङ्क्रमणको बढ्दो जोखिमलाई मध्यनजर गर्दै लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने लगायतका अभियानहरू तत्काल सञ्चालन गर्नुपर्ने उनले बताएकी छन् ।

### इन्सेफलाइटिस विरुद्ध खोप दिईंदै

दमक/ झापामा जापानिज इन्सेफलाइटिस (जेई) अर्थात् मस्तिष्क ज्वरो विरुद्ध सोमबारदेखि खोप अभियान सञ्चालन भइरहेको छ । स्वास्थ्य कार्यालय झापाका अनुसार असोज ५ देखि १५ गतेसम्म जिल्लाका १५ वटै स्थानीय तहमा ३० वर्षमाथिका चार लाख ८५ हजार ५५ जनालाई खोप लगाउने लक्ष्य राखिएको छ । अभियानका लागि पाँच लाख ७० हजार डोज खोप प्राप्त भइसकेको छ ।

जिल्लाका १३१ वडामा ९०० खोप केन्द्र स्थापना गरी करिब ५०० स्वास्थ्यकर्मी, ६११ महिला स्वास्थ्य स्वयंसेविका र तीन हजारभन्दा बढी स्वयंसेवक परिचालन गरिने स्वास्थ्य कार्यालय झापाका प्रमुख वृजकुमार दासले जानकारी दिए । उनका अनुसार झापामा जेइ सङ्क्रमण र मृत्युदर बढ्दै गएपछि उच्च सतर्कतासहित खोप अभियान सञ्चालन गर्न लागिएको हो । जिल्लामा हालसम्म १३ जनामा जेई सङ्क्रमण पुष्टि भएकामा सात जनाको मृत्यु भएको छ । मृत्यु भएका कसैले पनि जेइ विरुद्धको खोप नलगाएको पाइएको उनले बताए ।

# एमाले बैठकमा ओलीको सिन्डिकेट

**दमक/** करिब छ महिनापछि बसेको नेकपा एमालेको केन्द्रीय कमिटी बैठकमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले सिन्डिकेट लगाएका छन् । कसैले बोल्दा समेत अध्यक्षको अनुमति लिनुपर्ने र रोकिँदा पनि ओलीको अनुमतिमा रोकिनुपर्ने भएपछि कम्युनिस्ट पार्टीमा वाक स्वतन्त्रता हनन भएको भन्दै नेताहरू तनावमा देखिएका हुन् । अध्यक्ष ओली र महासचिव शंकर पोखरेलबीच दुरी बढेपछि ओली आफैले नै केन्द्रीय कमिटी बैठकलाई सञ्चालन गरेका छन् ।



उनले केन्द्रीय कमिटी बैठकको सुरूवाती अवस्थामा सम्बोधनका क्रममा पनि अध्यक्षको अनुमति लिएर बोल्नुपर्ने कुरा राखेका थिए । बैठकमा ओलीका बारेमा बोल्न थालेपछि केन्द्रीय कमिटी सदस्य कृष्ण गोपाल श्रेष्ठलाई रोकिएको थियो । त्यसपछि श्रेष्ठले काहीँ नभएको जात्रा यहीँ मात्रै भएको भन्दै आक्रोशित बनेका थिए । उनलाई स्वयंसेवकले समेत रोकेपछि स्वयंसेवकलाई तिमीहरू को हो ? भन्दै थर्काएको बैठकमा उपस्थित नेताहरूले जानकारी दिएका छन् । अहिले ओलीको कार्यशैलीलाई लिएर केन्द्रीय कमिटी बैठकमा नेताहरू तीव्र असन्तुष्ट देखिएका छन् । ओलीको अनुमतिबेगर हलचल गर्न नपाएपछि नेताहरूले आफ्नो स्वतन्त्रता र पार्टीको नीति सिद्धान्त विपरीत काम भएको आरोप लगाइरहेका छन् ।

### हंसेदुम्सेका पदाधिकारीको पदस्थापना

दमक । दमक २ र ३ मा रहेको हंसे दुम्से सामुदायिक वन उपभोक्ता समितिको नवनिर्वाचित कार्यसमितिको पदस्थापना कार्यक्रम सम्पन्न भएको छ ।

उपभोक्ता समितिका अध्यक्ष चद्रप्रसाद गुरागाईको अध्यक्षतामा आयोजित सो कार्यक्रममा दमक नगरपालिका उपप्रमुख रेगिना भट्टराई प्रसाईको प्रमुख आतिथ्यता रहेको थियो ।

वन डिभिजन कार्यलयका प्रमुख नथुनी गोहिवार यादवको विशिष्ठ आतिथ्यता रहेको सो कार्यक्रममा वडाअध्यक्ष हरि न्यौपाने, प्रजापति सापकोटा, नविन बरालको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि दमक नपा उपप्रमुख रेगिना भट्टराई प्रसाईले बृक्षा रोपण र संरक्षणलाई प्राथमिकतामा राख्न आग्रह गरेकी थिईन । उनले अक्सिजन बढी भन्दा बढी प्राप्त हुने प्रकृतिका बोटविरूवा लगाएर दमक नगरलाई नै हरित नगरीमा रूपान्तरण गरिनुपर्नेमा जोड दिईन ।

यसैगरी वन डिभिजन कार्यालयका प्रमुख यादवले नयाँ कार्यसमितिले शपथ नलिई वा पदभार ग्रहण नै नगरी अत्यन्तै महत्वपूर्ण काम गरिसकेको भन्दै प्रशंसा गरेका थिए ।

सामुदायिक वन उपभोक्ता समितिका पूर्व अध्यक्षहरू पुण्य प्रसाद ढुंगाना, महेन्द्रसिंह निरौलासहित उपभोक्ता समितिका सदस्य तथा स्थानीयबासीको उपस्थिति रहेको थियो ।

# सुविधा कटौतिले पत्रकार आन्दोलित हुलाकमा ज्ञापनपत्र



भद्रपुर/ नेपाल पत्रकार महासंघले आफ्ना माग पुरा नगरेको भन्दै विरोध जनाएको छ । सरकारले छापा सञ्चारमाध्यमलाई दिइँदै आएको लोककल्याणकारी विज्ञापनको बजेटमा ५० प्रतिशत कटौती गरेको विरोधमा नेपाल पत्रकार महासंघ झापा शाखाले जिल्ला हुलाक कार्यालय झापामार्फत सरकारको ध्यानाकर्षण गराएको हो ।

सोमबार महासंघका झापा अध्यक्ष एकराज गिरीको नेतृत्वमा गएको पत्रकारहरूको टोलीले जिल्ला हुलाक कार्यालय झापाका प्रमुख विक्रम लिम्बूलाई ज्ञापनपत्र बुझाएको थियो । ज्ञापनपत्र बुझाउने क्रममा अध्यक्ष गिरी र पूर्वअध्यक्ष माधव विद्रोहीले हुलाक प्रमुख लिम्बूलाई छापा सञ्चारमाध्यमले भोग्नुपरेको समस्या र सरकारी नीतिको असरबारे जानकारी गराएका छन् । ज्ञापनपत्र ग्रहण गर्दै हुलाक प्रमुख लिम्बूले विज्ञापन बोर्डमा यहाँका सञ्चारमाध्यमका समस्याबारे जानकारी गराउने र आवश्यक समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे ।

ज्ञापनपत्रमा भनिएको छ, "कोभिड(१९ महामारी र चौतर्फी आर्थिक मन्दीका कारण संकट झेलिरहेका छापा माध्यमहरू कागज तथा मुद्रण सामग्रीको मूल्यवृद्धिका कारण अस्तित्वको लडाइँ लडिरहेका छन्। यस्तो बेला विशेष राहत दिनुको साटो उल्टै बजेट कटौती गरिनु प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकारहरूमाथिको सिधा प्रहार हो।"

ज्ञापनपत्रमा सरकारले हालै कार्यान्वयनमा ल्याएको 'छापा माध्यमका बाँकी ४ पेजमा ▸▸

# जोखिमपूर्ण वर्षाको सम्भावना

दमक/ नेपालमा आगामी बिहीबारदेखि पाँच दिनसम्म वर्षाको गतिविधि बढ्ने सम्भावना देखिएको छ । मौसम पूर्वानुमानका विभिन्न मोडलहरूले ८ असोज बिहीबारदेखि १२ असोज सोमबारसम्म नेपालका धेरै क्षेत्रमा वर्षा हुने र विशेष गरी शुक्रबार र शनिबार भारी वर्षाको सम्भावना देखाएका छन्।

युरोपियन सेन्टर फर मिडियम रेन्ज वेदर फोरकास्ट (इसिएमडब्लुएफ), अमेरिकी ग्लोबल फोरकास्ट सिस्टम ( जिएफसी) र जर्मन मौसम सेवाको आइकनसहितका विभिन्न मौसम पूर्वानुमान मोडलको प्रक्षेपणमा आगामी साता बंगालको खाडीबाट विकसित हुने मौसमी प्रणालीको प्रभाव नेपालसम्म आइपुग्ने देखिएको मौसमविद्हरूले बताएका छन् । तर, कुन क्षेत्रमा कति वर्षा हुन्छ भन्ने विषयमा भने मोडलहरूबिच अझै समानता छैन ।

त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम विज्ञान केन्द्रीय विभागका उपप्राध्यापक डा. विनोद पोखरेलले विभिन्न पूर्वानुमान मोडलको अध्ययन गर्दा बिहीबारदेखि सोमबारसम्म नेपालमा वर्षाको सम्भावना बलियो देखिएको बताए । 'न्यूनचापीय प्रणाली बन्दै छ । नेपालसम्म आइपुग्ने प्रक्षेपण रहेकाले भारी वर्षा गराउने सम्भावना देखिन्छ । चार-पाँच दिन वर्षा हुने देखिए पनि दुई दिन भारी वर्षाको प्रबल सम्भावना छ,' उनले भने, 'तर, यस्तो वर्षा देशभर समान रूपमा नभई निश्चित भूभागमा केन्द्रित हुन सक्छ ।'

तर, उपलब्ध मोडलका तथ्यांकसमेत विश्लेषण गर्दै आफ्नै मोडल (गणितीय मौसम पूर्वानुमान) बाट प्रक्षेपण गर्दै आएको नेपाल मौसम विज्ञान विभागले भने आइतबार साँझ विज्ञप्ति जारी गरेर 'न्यूनचापीय प्रणालीले नेपालमा वर्षा गराउने भए पनि वर्षाको जोखिमको स्तर र सम्भावित असरबारे अहिले नै यकिन गर्न सकिने अवस्था छैन,' भनेको छ ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् हरिप्रसाद दाहालका अनुसार हाल नेपालमा बाँकी ४ पेजमा ▸▸

# पुवाखोलामा बेलीब्रिज जडान कार्य सम्पन्न

**इलाम/** इलाम सदमुकामदेखि झापाको व्यापारिक केन्द्र बिर्तामोड जोड्ने छोटो दुरीको मेची करिडोर (केचना-कञ्चनजंघा) अन्तर्गत पुवाखोलामा बेलीब्रिज जडान कार्य सम्पन्न भएको छ ।

इलाम नगरपालिका-९ भाङ्टार र वडा नं ११ सोयाक जोड्ने पुवाखोलामा बेलिब्रिज जडान सम्पन्न भई आजदेखि यातायात सेवा सञ्चालन गरिएको सडक डिभिजन इलामका सूचना अधिकारी एवं इन्जिनयर अर्जुनकुमार घिमिरेले जानकारी दिए । संघीय सरकारको रू दुई करोड २० लाख ३४ हजारको लागतमा जडान गरिएको बेलिब्रिजको



सडक डिभिजन इलामकी लेखा अधिकृत अनिषा बोखीले उद्घाटन गरेकी हुन् ।

बेलिब्रिज २३० फिट लम्बाइ र १४ फिट चौडाइको रहेको र जडानका लागि अन्य संरचना आर्थिक वर्ष २०८२/८३ मा नै तयार भइसकेको भए पनि भारतबाट अनुदानस्वरूप प्राप्त भएको बेलिब्रिजको सामग्री ढुवानी ढिला भएकाले जडान गर्न ढिलो भएको बताइएको छ । प्राविधिक टोली भारतबाट नै आएर बेलीब्रिज जडानको काम गरेको थियो ।

बेलिब्रिज जडानपछि यहाँका बासिन्दा खुसी भएका छन् । बेलिब्रिज जडान भएपछि सो सडक मेची राजमार्गको वैकल्पिक सडक बनेको इलाम नगरपालिका-११ का तिलक श्रेष्ठले बताए । सो स्थानमा आव २०८१/८२ मा संघीय सरकारको एक करोड ४३ लाख ७६ हजार लागतमा जडान गरिएको बेलिब्रिज गत असोज १८ गतेको बाढीले बगाएको थियो । बेलिब्रिज बगाएपछि घाम लागेको समयमा अस्थायी डाइभर्सन निर्माण गरी यातायात सेवा सञ्चालन गरिदैं आएको थियो ।

इलाम सदरमुकामदेखि झापाको बिर्तामोड जोड्ने छोटो दुरीको केचना-कञ्चनजंघा (मेची करिडोर) सडक अन्तर्गत पुवाखोलामा बेलिब्रिज निर्माण भएपछि मेची राजमार्गको विकल्प खुलेको छ । बाँकी ४ पेजमा ▸▸


**दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !**



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

**सेवामा आवद्ध डाक्टरहरु**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

# सम्पादकीय

## "जेइ" प्रति सचेत बनौं र खोप लगाऔं

पछिल्लो समय नेपालमा मौसमी प्रकोपका रुपमा देखा पर्दै गएको 'जापानी इन्सेफलाइटिस' (जेई) को सङ्क्रमण र यसबाट भइरहेको मानवीय क्षतिले सिंगो स्वास्थ्य क्षेत्रलाई गम्भीर बनाएको छ । स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाले हालै सार्वजनिक गरेको भयावह तथ्यांकअनुसार ७ वटै प्रदेशका ३६ जिल्लामा १२१ जनामा सङ्क्रमण पुष्टि भइसकेको छ भने २६ जनाले ज्यान गुमाइसकेका छन् ।

यसैगरी, एक हजार २२६ जनामा यसका शङ्कास्पद लक्षण देखिनु र दैनिक रुपमा नयाँ बिरामी थपिँदै जानुले यो रोग अब सामान्य अवस्थामा नरहेको स्पष्ट पार्छ । पूर्वी भागबाट सुरू भएको यो सङ्क्रमण तीव्र रुपमा तराई हुँदै पश्चिमी क्षेत्रतर्फ फैलनु र ५६ जनाभन्दा बढी बिरामीहरु विभिन्न अस्पतालका आइसियू तथा वार्डमा उपचाररत हुनुले आगामी दिन अझै चुनौतीपूर्ण बन्ने निश्चित छ ।

महाशाखाले सार्वजनिक गरेको तथ्याङ्कभित्र लुकेका केही पक्षहरु अत्यन्तै चिन्ताजनक र आत्मसमीक्षा गर्नुपर्ने किसिमका छन् । सङ्क्रमितमध्ये ८५ प्रतिशत र ज्यान गुमाउने शतप्रतिशत (१००%) व्यक्तिहरुले जेईविरुद्धको खोप नलगाएको पाइएको छ । यो तथ्यले खोपको प्रभावकारिता र यसको अनिवार्यताबारे कसैलाई पनि शंका गर्ने ठाउँ राखेको छैन । यसैगरी, मृत्यु हुनेहरुमा ७७ प्रतिशत ५० वर्षभन्दा माथिका उमेर समूहका छन् । यसबाट के प्रष्ट हुन्छ भने रोगप्रतिरोधात्मक क्षमता कम भएका पाको उमेरका नागरिकहरु र राज्यको खोप अभियानबाट छुटपुट भएका वर्गहरु यो महामारीको उच्च जोखिममा छन् ।

जापानी इन्सेफलाइटिस कुनै दैवी प्रकोप नभई मुख्यतया क्युलेक्स जातका लामखुट्टेको टोकाइबाट सर्ने एक सरूवा रोग हो । धानखेतको पानी, फोहोरमैला र सुँगुर वा बङ्गुर पाल्ने स्थानहरु यी लामखुट्टेका प्रमुख बासस्थान हुन् । ग्रामीण तथा कृषिप्रधान क्षेत्रमा मानिसहरुको बसोबास यी बासस्थानसँग जोडिने भएकाले सङ्क्रमणको जोखिम अझ बढेको छ। रोग लागेपछि यसको पूर्ण उपचारभन्दा पनि बचावट नै उत्तम विकल्प भएकाले हामीले जनस्वास्थ्यका मापदण्डहरुलाई कडाइका साथ पालना गर्नुको विकल्प छैन ।

यस गम्भीर समस्याबाट बच्न र थप नागरिकको अमूल्य ज्यान गुमाउनबाट रोक्न अब तीनै तहका सरकार, स्वास्थ्यकर्मी र आम नागरिकले आ-आफ्नो ठाउँबाट दृढ अंगिकार गर्नुपर्छ । यसबाट बच्न विशेषगरी तराई र जोखिमयुक्त जिल्लाहरुमा खोपबाट वञ्चित रहेका ३० वर्षभन्दा माथिका उमेर समूह तथा लक्षित वर्गलाई घरदैलोमै पुगेर वा विशेष शिविर सञ्चालन गरी जेईविरुद्धको खोप सुनिश्चित गर्नुपर्छ । घरवरपर पानी जम्न नदिने, ढल निकासलाई व्यवस्थित गर्ने र कृषि कर्म गर्दा वा घरबाहिर निस्किँदा शरीर ढाक्ने लुगा लगाउने तथा लामखुट्टे भगाउने क्रिम वा धूपको प्रयोग गर्ने बानी बसाल्नुपर्छ । सरसफाइ र व्यक्तिगत सुरक्षाः सुँगुर वा बङ्गुर पाल्ने खोरहरुलाई मानव बस्तीबाट केही टाढा राख्ने र घरवरपरको वातावरण सधैँ सफा र सुक्खा राख्न स्थानीय तहले सरसफाइ अभियानलाई तीव्र पार्नु जरूरी छ ।

## प्रेरक भनाइहरु

- पानीलाई जतिसुकै तातो बनाएपनि केही समयपछि आफ्नो मूल स्वभावमा फर्किएर शीतल हुन्छ । यही प्रकार हामीमा जति क्रोध, भय, अशान्ति भएपनि यसलाई क्षणिक रुपमा मात्र लिनुपर्छ । हाम्रो मूल स्वभाव त हरबखत खुसी र प्रशन्न रहनु हो ।
- खुट्टामा लागेको चोटले सम्हालिएर हिँड्न सिकाउँछ । मनमा लागेको चोटले समझदारीसाथ जिउन सिकाउँछ ।
- भाग्यको ढोकामा मुड्की बजार्नु भन्दा राम्रो हो कर्मको तुफान पैदा गर । भाग्यको ढोका आफै खुल्छ ।
- पानीमा डुब्नसाथ कसैको मृत्यु हुँदैन । मृत्यु त तब हुन्छ जब पानीमा तैरन जान्दैनन् । परिस्थिति कहिलेपनि समस्या बन्दैन । समस्या त तब बन्छ, जब त्यसलाई सम्हाल्न सक्दैनन् ।
- त्यस व्यक्तिप्रति ध्यान नदेउ जो तिम्रो पीठ्युँ पछाडि कुरा गर्छ । यसको सोझो अर्थ हो तिमी उनीभन्दा दुई कदम अगाडि छौं ।
- संसारमा यदि एकदमै राम्रो कुरा सोच्ने हो भने सर्वप्रथम त कुनै खराब कुरा सोच्न बन्द गर ।
- पहिले मान्छेले सिकाएका थिए, समय बदिलन्छ । अहिले समयले सिकायो कि, मान्छे पनि बदिलन्छ ।
- अवसर र सूर्योदयमा एउटै समानता छ । ढिलो गर्नेलाई यसले पर्खदैन ।
- ऐना हो जिन्दगी । तिमी मुस्कुराउ, जिन्दगी पनि मुस्कुराउँछ ।
- खुसी हुनुको अर्थ यो होइन कि तिम्रो सबैकुरा ठीक छ । यसको अर्थ त यो हो कि तिमीले दुःखबाट उठेर जिउन सिक्यौं ।
- कसैलाई असहज स्थितिमा साथ देउ, हात देउ, हिम्मत देउ, आशा देउ । किनभने खराब स्थिति त केही समयमा गुज्रिएर जान्छ । तर, तिमीले दिएको साथ र हिम्मत उसको जिन्दगीभर रहन्छ ।
- यदि तिमी कसैलाई अपमान गर्दैछौं भने तिमीले आफ्नो सम्मान गुमाउँदैछौ ।
- केही नयाँ काम गर्नका लागि तिमी महान हुन आवश्यक छैन । तर, महान हुनका लागि केही नयाँ काम गर्न जरुरी छ ।
- जो आफैमा खुसी हुन्छन्, उनीहरुको संसार पनि खुसी हुन्छ ।
- तिमीले आफ्नो भविष्य बदल्न सक्दैनौं तर प्रवृत्ति बदल्न सक्छौं । जब प्रवृत्ति बदल्छौं, भविष्य आफै बदिलन्छ ।
- सबैभन्दा तिब्र उही हिँड्छ, जो एक्लै हुन्छ । तर, टाढासम्म उही पुग्छन्, जो सबैलाई साथमा लिएर हिँड्छन् ।
- क्रोधको बेला केही समय रोक्नुपर्छ । गल्तीको बेला केही झुक्नुपर्छ । संसारको सबै समस्या हल हुन्छ ।
- जिन्दगीलाई बुझ्न बहुत मुस्किल छ । कोही सपनाका खातिर आफन्तबाट टाढा हुन्छन् । कोही आफन्तका खातिर सपनाबाट टाढा रहन्छन् ।
- जसलाई जे भन्नुछ भन्न दिनुपर्छ, तिमीलाई के फरक पर्छ । यो समय-समयको कुरा हो, सबैको समय आउँछ ।

# नेपालमा जलवायु परिवर्तनका आसन्न संकटहरू



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

> जनतालाई संविधान साध्य हो भनेर झुक्याइएको छ। संविधान नया□ आएपनि परिवर्तन आउने छैन, किनभने संस्कार भएन भने संविधान अमेरिकाको जस्तै हुन्छ, एउटा समस्या हल गर्न २०० बर्ष लगाउ□छ।

नेपालमा जलवायु परिवर्तन, जलवायु संकट, वातावरणीय समस्या, वातावरणीय प्रदूषण, हिमताल विस्फोट, जल प्रलय, वातावरण चक्रमा असन्तुलनको अवस्था लगायतका शीर्षकहरूमा केन्द्रित रहेर पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरूमा छापिएका सारगर्भित विचारहरू बाट जनचेतना फैल्याउने कार्यहरू निरन्तर रूपमा भइरहेको छ ।

देशका संघीय सरकार, प्रादेशिक सरकार, र स्थानीय सरकारका सरोकारहरू पनि देशभित्रको वातावरणीय सुरक्षा चक्रलाई कसरी जोगाउने र सुरक्षित बनाउने भन्ने कुरामा केन्द्रित भइरहेको पाइएको छ। विश्वको वातावरणीय र पर्यावरणीय अवस्थालाई सुधार गर्न तथा क्षति र नोक्सानीहरूलाई अधिकतम रुपमा घटाउनका लागि र वातावरणीय सन्तुलन जोगाउनका लागि अन्तर्राष्ट्रिय स्तरमा स्थापित विश्व जलवायु सम्मेलनले विश्व भरिकै सरकार प्रमुखहरूको अगुवाइमा र वातावरण वैज्ञानिकहरूको सल्लाह र सुझाव अनुसार विभिन्न किसिमका प्रस्तावहरू पारित गरी त्यसै बमोजिम विश्वभरिका सरकारहरूलाई वातावरण जोगाउन निर्देशन दिने कार्य प्रत्येक वर्ष नियमित रुपमा गर्दै आजसम्मको अवस्थामा आइपुगेको छ ।

संयुक्त राष्ट्र संघकै अगुवाइमा जलवायु सम्मेलन आयोजना गरिएकोले सबै देशका सरकारहरूको सुझाव अनुसार यसले सार्थक परिणाम दिने गरी निष्कर्षहरू निकाल्दछ र वातावरणीय सन्तुलनलाई जोगाउनुपर्ने कुरामा निरन्तर रुपमा आशावादी भइरहेको आश्वासन दिइरहेको देखिन्छ। तर आश्चर्यको कुरो जलवायु सम्मेलनले अनुमोदन गरेका प्रस्तावहरूलाई सम्मेलनका आयोजक धनी र विकसित राष्ट्रहरुले आफ्नो देशमा लागू गर्न स्वयम् नै हेलचक्र्याइँ गरिरहेका देखिन्छन् । जुन कारणले गर्दा वातावरणीय सन्तुलनको अवस्था अझ दिनप्रतिदिन बिग्रिँदै गइरहेको घटनाहरू विश्वमा डरलाग्दो ढंगले बढ्न थालेको कुराप्रति संवेदनशील हुनु जरुरी छ ।

विश्वको बदलिँदो वातावरणीय अवस्था र जलवायुको नियमित चक्रको परिवर्तन हुने संकेतले विश्वका धनी देशहरू पनि झस्किने अवस्था सिर्जना हुन थालेको छ । विश्वका अतिकम विकसित देश हरू तथा विकासशील अवस्थामा रहेका देशहरु भित्र प्राकृतिक संकटको अवस्था यति धेरै विकराल भइसकेको छ कि त्यसलाई सम्हाल्न र पुनर्नवीकरण गर्न पुस्तौ पुस्ता लाग्न सक्ने अवस्था सिर्जना हुँदै गइरहेको छ । प्राकृतिक स्रोत साधनहरूको दोहन अत्याधिक मात्रामा भइरहेको छ ।

औद्योगिक रासायनिक फोहोर र प्रदूषणले गर्दा वायुमण्डलमा मिथेन ग्यास र कार्बन डाइअक्साइड ग्यास लगायतका हानिकारक ग्यासहरू लगातार बढ्दै गइरहेको छ तथा जलवायु परिवर्तनको अवस्थाले सृजना गरेको संकटहरू बहुआयामिक रूपले वृद्धि हुन थालेको छ । हाम्रो वायुमण्डलमा रहेको पृथ्वी , जल, आकाश, वायु , अग्नि, लगायतका सबै पञ्चतत्वहरू यति धेरै संकटमा परेको छ कि संसारको अस्तित्व नै रहन्छ कि रहन्न भन्ने कुरा बारे पनि बहसहरू प्रारम्भ भइसकेको छ ।

हामी बस्ने पृथ्वीवासी हरूले नै जानीजानी यति धेरै मात्रामा वातावरणीय क्षति पुर्याइ पुऱ्याइरहेका छौं कि त्यसलाई भन्नु साध्य छैन । वातावरण तातिँदैछ। वातावरण प्रदूषित हुँदैछ । वातावरण विनाश हुँदैछ। वातावरण यसरी नै बिग्रिँदै गयो भने कुनै दिन मानिस लगायत यस ब्रह्माण्डका सबै जीवनचक्र हरु सर्वनाश हुँदै धर्तीबाट हराउँदै जानेछन् भन्ने कुरा बारे यथार्थ ज्ञान हुँदाहुँदै पनि हामीले धर्तीको हरियो वातावरणलाई समेत जोगाउन सकिरहेका छैनौ ।

आज नेपालको वनसम्पदा तीव्ररूपमा विनाश हुँदै गइरहेको छ । हिमाल र पहाडी क्षेत्रहरूमा सदियौंदेखि रहँदै आएको बोटबिरुवा र वनस्पतिको हरियाली वनविनाशले गर्दा धेरै जसो ठाउँहरूमा समाप्त भइसकेको छ । सधैँजसो सेताम्यै देखिने हिमाल कालो देखिन थालिएको छ । तराई मधेस क्षेत्रकै शिवालिक क्षेत्र अहिले वातावरणीय विनाशको उच्चतम जोखिमको बिन्दुमा पुगिसकेको छ । चुरे भाबर क्षेत्र उजाडिएका छन् । चुरे क्षेत्रको सिरानमाथिसम्म मानव बस्तीहरू सघन रूपमा विस्तारित हुँदै गइरहेको छ ।

चुरे विनाशले गर्दा सम्पूर्ण तराई मधेशका क्षेत्रहरूको जैविक विविधता र प्राकृतिक विविधता उत्पादनको अवस्था, सिमसार क्षेत्रको अवस्था, सबै विनाश हुने र तत्पश्चात् सर्वनाश हुँदै जाने स्थितिहरु निम्तिन थालेको छ । हामीले चुरे क्षेत्रलाई जोगाउन सकेनौं भने माथिल्लो पहाडी क्षेत्रहरूबाट आउने बाढीहरूले चुरे क्षेत्रको अस्तित्वलाई नै धरापमा पार्ने र सम्पूर्ण मधेश तराई क्षेत्रको कृषि प्रणालीलाई मरुभूमिकरण गर्दै जाने र ध्वस्त पार्दै जाने अवस्थाहरु सिर्जना हुन लागिसकेको छ । यसलाई रोक्न हामी नै तत्पर हुनुपर्दछ। सरकारले संरक्षण गर्न खोजेको राष्ट्रपति चुरे बचाउ अभियान लगातार असफल हुँदै गइरहेको देखिएको छ। विश्वकै वातावरण धेरै तातिँदै जानाले र विश्वको तापक्रम प्रत्येक वर्ष १ डिग्री बढ्दै जानाले धरती लोककै वातावरणीय अवस्थामा ठूलो पराकम्पन चल्न थालेको छ ।

वातावरणीय असन्तुलनको अवस्थाले कृषि प्रणाली पनि परिवर्तन हुन थालेको छ । बालीनालीको उत्पादकता लगातार रूपमा घट्दै गइरहेको छ। खाद्यान्नको क्षेत्रमा नेपालको परनिर्भरता लगातार बढ्दै गइरहेको छ । नेपालको अन्नभण्डार मानिने तराई मधेस क्षेत्रमा पालैपालो सुक्खा, अनिकाल, बाढी, पहिरो ,जल जमाव, खडेरी पर्ने, अनावृष्टि हुने, खण्डवृष्टि हुने जस्ता समस्याहरूले गर्दा खेतीपाती गरेर जीवनयापन गर्ने किसानहरूको जीवन निर्वाह गर्ने क्षेत्र नै सखाप हुने अवस्थाले झन् नेपालको डरलाग्दो तस्बिर प्रस्तुत गरिरहेको छ ।

नेपालको मधेस तराई क्षेत्र भित्र भूमिगत जलको अपार सम्भावना भएपनि अहिले चर्को घामको कारणले गर्दा र धर्तीको हरियाली सकिँदै जाने कारणले गर्दा धर्तीभित्रको पानीलाई पनि सुकाइसकेको अवस्थामा पानीको सतह दिनप्रतिदिन तल तल पुग्दै गइरहेको छ । तराई मधेश क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरू खासगरी सप्तरी सिराहा धनुषा महोत्तरी सर्लाही बारा पर्सा रौतहट कपिलवस्तु लगायतका जिल्लाहरूहरूका मानिसहरूलाई खानेपानीसम्मको पनि अभाव हुने स्थिति देखिन थालिएको छ । इनारहरूमा पनि पानी हुँदैन। चापाकल बाट पानी आउँदैन । पोखरीहरु बर्सातकालमा पनि भरिँदैन। यस्तो अवस्थामा हरियो वन नेपालको धन र नेपालको अन्न भण्डार भनिने तराई क्षेत्र पूर्ण रुपमा प्राकृतिक संकट र वातावरणीय संकट को अवस्था झेल्न बाध्य र विवस भइरहेको छ ।

हालसालै नेपालको रसुवा जिल्लामा हिमताल विस्फोट बाट निस्केको जल प्रवाहले जल प्रलयको रूप धारण गर्दा त्यहाँबाट निस्केको पत्याउनै नसक्ने बाढीले यति धेरै मात्रामा जनधनको क्षति र हानि नोक्सानी पुर्याइसकेको छ कि त्यसलाई सही रुपमा आकलन गर्न पनि सरकारलाई मुस्किल परिरहेको छ । नेपालको जलविद्युत आयोजना ध्वस्त भइसकेको छ । भोटे कोशीमा आएको बाढीले रसुवागढीदेखि लिएर नवलपरासीसम्मका बस्तीहरूलाई बगाएर लगिसकेको छ । अर्थतन्त्र ध्वस्त भइसकेको छ । मानिसहरूका लासहरूलाई समेत निकाल्न र पत्ता लगाउन सकिएको छैन । बाढीमा हजारौं मानिसहरू मरेको र बेपत्ता भएका छन् ।

बाढी प्रभावित व्यक्तिहरूको लागि सहयोग पुऱ्याउन नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समेत गुहार लगाइरहेका छन् । नेपाल सरकारलाई विश्वभरिकै ठुलठुला राष्ट्रहरूबाट सहयोगहरू प्राप्त भइरहेको छ । तर त्यतिले पनि समस्याहरूको समाधान हुने अवस्था देखिँदैन ।

यो सामान्य बाढी र हिमताल विस्फोट मात्र होइन यो घटना प्रकृतिले सुनियोजित ढंगले नेपाल माथि गरेको अन्याय हो । अहिले नेपाल सरकार तथा नेपालका बौद्धिक वर्ग तथा वातावरण विशेषज्ञहरूले जलवायु क्षतिपूर्तिको माग समेत अन्तर्राष्ट्रिय स्तरबाट गर्न थालेका छन् । जलवायु सम्मेलनले वातावरणलाई जोगाउन सहयोग गरेका मुलुकहरूलाई जलवायु क्षतिपूर्ति दिने वाचा र प्रतिबद्धता जनाएका छन् । जलवायु क्षतिपूर्ति तिर्ने प्रतिबद्धता अनुसार जुन मुलुकले जति प्रतिशत वातावरणलाई क्षति पुर्याएका छन् ती मुलुकले त्यही आधारमा वातावरण बाट क्षति पुगेका मुलुकहरूलाई वातावरणीय क्षतिपूर्ति शीर्षक अन्तर्गत जलवायु क्षतिपूर्ति रकमहरू उपलब्ध गराउने कार्य गर्नुपर्दछ ।

नेपालले विभिन्न चरणहरूमा वातावरणीय क्षतिपूर्ति रकमहरू पटकपटक पाइरहेको अवस्था पनि देखिएको छ । तर विचारणीय पक्ष के रहेको छ भने वातावरणीय क्षतिपूर्तिबाट प्राप्त भएको रकमहरूलाई हाम्रो सरकारले वातावरण जोगाउन सदुपयोग गरेको छ कि छैन भन्ने कुरामा पनि चासो राख्नु जरुरी छ ।

नेपालले थोरै मात्रामा भएपनि वातावरण बिगार्ने काम गरिरहेकै छ । नेपालका सहरी क्षेत्रहरू खासगरी झन् बढी प्रदूषित हुँदै गइरहेको छ । नेपालमा नेपालीहरूकै कारणले गर्दा पनि कति धेरै मात्रामा कार्बन डाइओक्साइड ग्यास र ओजोन लेयर लाई समेत क्षति पुऱ्याउने कार्यहरू भइरहेको छ त्यसको बारेमा पनि हेक्का राख्नु र विश्व वातावरण संरक्षणमा नेपालले पनि महत्वपूर्ण भूमिका खेल्नु जरुरी छ ।

---

# बिजुलीमा भ्याट हट्ने, ऊर्जा र अर्थमन्त्रीबीच सैद्धान्तिक सहमति

दमक/ सरकारले चालु आर्थिक वर्षदेखि विद्युत् महसुलमा लगाउँदै आएको मूल्य अभिवृद्धि कर (भ्याट) हटाउने तयारी गरेको छ । घरायसी ग्राहकका लागि ५ प्रतिशत र औद्योगिक तथा अन्य गैरघरायसी ग्राहकका लागि १३ प्रतिशत भ्याट लगाउने व्यवस्था कार्यान्वयनमा आएको दुई महिनामै हटाउने तयारी भएको हो ।

आइतबार साँझ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेबीच भएको छलफलमा विद्युतमा लगाइएको भ्याट हटाउने विषयमा सैद्धान्तिक सहमति भएको ऊर्जा मन्त्रालय स्रोतले जानकारी दिएको छ ।

स्रोतका अनुसार विद्युतमा भ्याट लगाउने व्यवस्था हटाउन प्रधानमन्त्रीसमेत सकारात्मक देखिएपछि अर्थ र ऊर्जा मन्त्रालयबीच सहमति बनेको हो । अब आगामी मन्त्रिपरिषद् बैठकबाट निर्णय भएपछि विद्युत्मा लगाइएको भ्याट हटाउने प्रक्रिया अघि बढ्नेछ ।



सरकारले चालू आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत विद्युत् सेवामा भ्याटको व्यवस्था गरेको थियो । त्यसअनुसार घरायसी ग्राहकले मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्दा ५ प्रतिशत र अन्य ग्राहकले १३ प्रतिशत भ्याट तिर्नुपर्ने व्यवस्था कार्यान्वयनमा आएको थियो ।

यसअघि साउनदेखि लागु हुनुपर्ने भ्याट असारकै बिलमा समेत काटिएको थियो। त्यसपछि नेपाल विद्युत् प्राधिकरणले आन्तरिक राजश्व विभागसँग जवाफ माग गरेको थियो। विभागले साउनदेखि मात्रै लागू हुने जवाफ पेश गरेको थियो। सोहीअनुसार आफ्नो बिलिङ प्रणाली अद्यावधिक गरेको थियो ।

तर, विद्युतमा भ्याट लगाउँदा घरायसी उपभोक्तासँगै उद्योग तथा व्यवसायको लागत बढ्ने भन्दै यसको विरोध हुँदै आएको थियो । विशेषगरी उद्योगीहरूले विद्युतमा १३ प्रतिशत भ्याट लगाउँदा उत्पादन लागत बढ्ने र त्यसको असर वस्तु तथा सेवाको मूल्यमा पर्ने बताउँदै आएका थिए ।

ऊर्जा मन्त्रालय स्रोतका अनुसार भ्याट हटाउने निर्णय कार्यान्वयन भएपछि साउनदेखि विद्युत् महसुलमा उठाइएको भ्याटको हिसाबसमेत मिलाइनेछ । यसअघि उठाइएको रकम आगामी विद्युत् बिलमा समायोजन गर्ने तयारी छ । अब मन्त्रिपरिषद्ले औपचारिक निर्णय गरेपछि विद्युत् महसुलमा भ्याट नलाग्ने व्यवस्था पुनः कार्यान्वयनमा आउनेछ ।

# बाँदर बढेपछि मकै र दाल खेती मासिँदै



**सुनसरी** / सुनसरीको विष्णुपादुका क्षेत्रमा बाँदरको आतंक बढेपछि किसानले मकै र दाल खेती गर्न छाड्दै गएका छन् । डेढ दशकदेखि बाँदरले बाली खाएर र नष्ट गरेर हैरान बनाएपछि किसानले परम्परागत लगाउँदै आएको बाली घटाउँदै बेसार, अम्रिसो र केरालगायतका खेती लगाउन थालेका छन् । विष्णुपादुका क्षेत्र र वराहक्षेत्र नगरपालिकाको वडा नम्बर १ र २ क्षेत्रमा बाँदरको समस्याले परम्परागत खेती विस्थापित हुँदै गएको छ। कुनै समय मकै, दाल, धान र कोदो उत्पादन हुने खेतबारीमा अहिले वैकल्पिक बाली लगाउने क्रम बढ्दै गएको छ ।

बाँदरबाट बाली जोगाउन नसक्दा खेतीयोग्य जमिन बाँझै राख्नुपर्ने अवस्था आएको वराहक्षेत्र-१, सूर्यकुण्डका अगुवा कृषक अर्जुन कुलुङले बताए । धरान उपमहानगरपालिका-२०, विष्णुपादुकाको कार्कीछाप क्षेत्रका स्थानीय सुवासमणि तामाङका अनुसार १५ वर्षअघिसम्म किसानले मकै, कालो दाल र जुनेलो खेती गर्दै आएका थिए । बाँदरले बाली नष्ट गर्न थालेपछि पछिल्लो डेढ दशकयता किसानले मकै र दालखेती गर्न छाडेका हुन् । उनले भने, "पहिला मकै, कालो दाल हुन्थ्यो, जुनेलो लगाइन्थ्यो । बाँदरले मकै र दाल खाएर नष्ट गर्न थालेपछि अहिले किसानले लगाउनै छाडेका छन् ।"


कार्कीछाप क्षेत्रमा पहिले प्रत्येक घरका किसानले मकै र दाल खेती गरेर जीविकोपार्जन गर्दै आएका थिए । अहिले बाँदरबाट बाली जोगाउन कठिन भएपछि किसानले वैकल्पिक खेती अपनाउन थालेका छन् । केरासमेत बाँदरले खाने गरे पनि मकैमा जस्तो धेरै क्षति नगर्ने भएकाले केही किसानले केरा खेती गर्न थालेको तामाङले बताए । विष्णुपादुकाको मन्दिर टोलका स्थानीय मदन तामाङले बाँदरको उपद्रवका कारण १० कट्ठा जग्गा छ वर्षदेखि बाँझै राखेको बताए । मकै छरे पनि बाँदरले खाइदिने र फलफूलका बिरुवासमेत जोगाउन नसक्ने भएपछि खेती गर्न छाडेको दुःखेसो पोखे । "बाँदर नभएको भए मेरो दस कट्ठा जग्गामा खेती हुन्थ्यो । मकै छरे पनि खाने, फलफूल रोपे पनि खाने भएपछि केही उपाय नलागेर जग्गा खाली राखेको छु ।"

तामाङका अनुसार बाँदरले खेतबारीमा मात्रै नभई घरभित्र पसेरसमेत खाद्यान्न लैजाने गरेको छ । अदुवा र बेसारमा तुलनात्मक रूपमा कम क्षति पुर्‍याए पनि सागसब्जी तथा अन्य बाली जोगाउन कठिन भएको उनले बताए । पहिले खेतबारीमा बाली रुँग्न परिवारका सदस्य बस्ने गरे पनि अहिले रोजगारी र अध्ययनका लागि परिवारका सदस्य बाहिर जाने भएकाले खेतीको रेखदेख गर्नसमेत समस्या भएको उहाँको भनाइ छ । बाँदरको समस्या र जनशक्तिको अभावले स्थानीयको जीविकोपार्जनमा असर परेको मदन तामाङ बताउँछन् ।

विष्णुपादुकाको माछामाराडाँडा क्षेत्रमा पनि बाँदरको उपद्रवले मकैखेती प्रभावित भएको छ । स्थानीय ४४ वर्षीय केमराज विश्वकर्माका पछिल्लो पाँच वर्षयता बाँदरको आतंक अत्यधिक बढेको बताउँछन्- 'मकैको बिरुवा देख्नेबित्तिकै बाँदरले सखाप पार्छ । एक जना किसानले एकातिर रुँदा अर्कोतिरबाट बाँदर छिर्छ । यसरी खेती जोगाउनै नसकिने अवस्था छ ।' विष्णुपादुका क्षेत्रसँगै जोडिएको वराहक्षेत्र-१, सूर्यकुण्ड क्षेत्रमा पनि बाँदरको आतङ्कका कारण किसानले मकै खेती गर्न छाड्दै गएको स्थानीय अगुवा कृषक अर्जुन कुलुङले बताए । पहिले डेढ बिघासम्मको जग्गामा मकै र कोदो खेती गर्दै आएका थिए । थियो । बाँदरले बाली नष्ट गर्न थालेपछि अहिले खेतीयोग्य जमिन बाँझै राख्नुपर्ने अवस्था आएको उनले सुनाए । कुलुङले बाँदर आउने क्षेत्रमा १५ कट्ठा जग्गामा मकै खेती गर्न छाडेको १५ वर्ष भइसकेको छ ।

## मनोरञ्जन

# १० दिनमा 'पेन्सन पट्टा'ले कमायो ३ करोड ७९ लाख



**दमक**/ एकसाथ रिलिज भएका फिल्म 'पेन्सन पट्टा' र 'बेहुली'को बक्स अफिस रिपोर्ट सार्वजनिक भएको छ । चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको पहिलो १० दिनको रिपोर्टअनुसार कमाइमा 'पेन्सन पट्टा' अगाडि देखिएको छ ।

आइतबारसम्म यो फिल्मले ३ करोड ७९ लाख ७६ हजार ७४ रूपैयाँ ग्रस कमाएको छ । उक्त कमाइ हुँदा फिल्मका १ लाख २९ हजार १ सय १८ टिकट बिक्री भएका छन् । माओत्से गुरूङ निर्देशित 'पेन्सन पट्टा'मा दयाहाङ राई, गौमाया गुरूङ, बुद्धि तामाङ, विल्सन विक्रम राईलगायत कलाकारको अभिनय छ ।

त्यस्तै, सशान कँडेल निर्देशित 'बेहुली'ले १० दिनमा २ करोड ६८ लाख २८ हजार ५२९ रूपैयाँ ग्रस कमाएको छ । फिल्मका ९४ हजार ८ सय ८५ टिकट बिक्री भएका छन् । प्रेम तथा पारिवारिक ड्रामा जनरामा बनेको 'बेहुली'मा पारस बम ठकुरी 'कुल ब्वाइ' र दिव्या रायमाझी मुख्य भूमिकामा छन् । साथमा पदम तामाङ, सुशान्त कार्की, सन्तोष बानियालगायत कलाकारहरूको समेत अभिनय छ । अर्जुन पोखरेल फिल्मको प्रस्तुतकर्ता हुन् ।

# किन ट्रेन्डिङमा छ अल्कलाइन वाटर ?

सरल भाषामा भन्नुपर्दा, अल्कलाइन वाटर भनेको साधारण पानीभन्दा अलि बढी क्षारीय पानी हो । यसमा कागती र अन्य अम्लियपन मिसाइएको हुन्छ । यसलाई बुझ्न 'पीएच' भन्ने कुरा जान्नुपर्छ । पीएचले कुनै पदार्थ अम्लीय छ कि क्षारीय छ भन्ने देखाउँछ ।

यसको मापन ० देखि १४ सम्म हुन्छ । पीएच ७ लाई तटस्थ मानिन्छ । ७ भन्दा कम भए अम्लीय र ७ भन्दा माथि भए क्षारीय हुन्छ । अल्कलाइन वाटरको पीएच सामान्यतया ८ वा ९ आसपास हुन्छ । त्यसैले यसलाई 'क्षारीय पानी' भनिएको हो ।

**कसरी बन्छ ?**

अल्कलाइन वाटर दुई तरिकाले बन्न सक्छ । पहिलो, प्राकृतिक र दोस्रो, प्रविधिको प्रयोग गरेर । केही पानी प्राकृतिक रूपमा चट्टान र खनिज भएको ठाउँ हुँदै बग्दा क्याल्सियम, म्याग्नेसियम, पोटासियम तथा बाइकार्बोनेटजस्ता खनिज मिसिन्छन् । यसरी खनिज मिसिँदा पानीको पीएच बढ्न सक्छ र त्यो प्राकृतिक रूपमा अल्कलाइन बन्न सक्छ ।

बजारमा पाइने धेरै अल्कलाइन वाटरलाई इलेक्ट्रोलाइसिस वा आयोनाइजेसन प्रविधिबाट बनाइन्छ । यस प्रक्रियाबाट पानीको पीएच बढाइन्छ । त्यसैले बोतलमा 'अल्कलाइन' लेखिएको भन्दैमा सबै पानी एउटै प्रकारको हुन्छ भन्ने होइन । यसको स्रोत, खनिज र बनाउने तरिका फरक हुन सक्छ । कागती, पुदिना, काँक्रो र धनियाँ मिसाएको पानी अल्कलाइन हुन्छ भन्ने दाबी वैज्ञानिक रूपमा प्रमाणित छैन, र पीएच बढे पनि पानी स्वस्थ नै हुन्छ भन्ने होइन ।

**साधारण पानीभन्दा के फरक ?**

सबैभन्दा ठूलो फरक यसमा हुने पीएच र खनिजको मात्रा हो । साधारण पिउने पानीको पीएच प्रायः ७ आसपास हुन्छ भने अल्कलाइन वाटरको पीएच सामान्यतया ८ वा ९ हुन्छ । तर यहाँ एउटा कुरा बुझ्न जरूरी छ पीएच बढी हुँदैमा पानी स्वतः बढी स्वस्थ हुन्छ भन्ने होइन ।

अल्कलाइन वाटरमा क्याल्सियम, म्याग्नेसियम वा पोटासियमजस्ता खनिज हुन सक्छन् । तर कुन पानीमा कति खनिज छन् भन्ने कुरा त्यसको स्रोत र उत्पादन प्रक्रियामा निर्भर गर्छ ।

**अल्कलाइन वाटर किन यति चर्चामा आयो ?**

यसको मुख्य कारण यससँग जोडिएका स्वास्थ्यसम्बन्धी दाबी हुन् । अल्कलाइन वाटरका समर्थकहरूले यसले शरीरको अम्लीयपन कम गर्ने, पाचन सुधार्ने, शरीरमा पानीको मात्रा पूर्ति गर्ने, हड्डी बलियो बनाउने, शरीरबाट विषाक्त पदार्थ हटाउने र बुढ्यौली ढिलो गर्ने दाबी गर्छन् । कतिपय ठाउँमा त यसले क्यान्सरलगायत गम्भीर रोगबाट समेत बचाउन सक्ने दाबी गरिएको पाइन्छ । यिनै दाबीका कारण अल्कलाइन वाटर सामान्य पानीभन्दा 'विशेष' पानी हो भन्ने धारणा बनेको छ । तर यी सबै दाबीलाई विज्ञानले प्रमाणित गरेको छैन ।

**यसले शरीरको अम्लीयपन घटाउँछ त ?**


अल्कलाइन वाटरको सबैभन्दा चर्चित दाबी यही हो । हामीले खाने खानाका कारण शरीर अम्लीय हुन्छ र त्यसलाई सन्तुलनमा ल्याउन अल्कलाइन वाटर पिउनुपर्छ भन्ने कुरा सुनिन्छ । तर हाम्रो शरीरले आफ्नो पीएच आफैं नियन्त्रण गर्छ । स्वस्थ मानिसको रगतको पीएच सामान्यतया ७.३५ देखि ७.४५ को बीचमा हुन्छ । यसलाई सन्तुलित राख्न फोक्सो र मिर्गौलाले महत्वपूर्ण काम गर्छन् । हामीले एक गिलास अल्कलाइन वाटर पिउँदैमा रगतको पीएच अचानक परिवर्तन हुँदैन । पानी पेटमा पुगेपछि त्यहाँ रहेको अम्लसँग सम्पर्कमा आउँछ । त्यसपछि शरीरले आफ्नो स्वाभाविक प्रक्रियामार्फत सन्तुलन कायम गर्छ । त्यसैले अल्कलाइन वाटर पिएर शरीर नै 'अल्कलाइन' बनाइन्छ भन्ने कुरा सही होइन ।






## पुस्तक साभार

## नेपालको इतिहास र समाज अध्ययन



डा. सूर्यमनि अधिकारी

### ललितपुर विजय

गतांकबाट.....तीन दिनसम्म भक्तपुरमा भिषण लडाई भयो। दुवैतर्फका गरी लगभग २००० सैनिक मारिए । ५०० जति घर लडाई क्रममा आगलागीमा परी जलेर नष्ट भए । गोर्खालीहरू अघि बढ्दै गएर भक्तपुर दरबारलाई घेर्न पुगे। भन्याङ चडी बर्को घरमा सर्न लाग्दा जयप्रकाश मल्लको दाहिने गोडामा गोली लाग्यो र उनी पछारिए । रणजित मन्सका एक जना अङ्गरक्षक मारिए। आखिरकार रणजित मल्लले आफ्नो पगरी फुकालेर झ्यालबाट झुन्ड्याई आत्मसमर्पणको सङ्केत दिए। त्यसपछि गोर्खालीहरूले आक्रमण बन्द गरे उपत्यकाका तीनवटै राजाहरूलाई गोर्खालीहरूले आफ्नो नियन्त्रणमा लिए । यसप्रकार वि.सं.१८२६ मार्ग १ गते भक्तपुर पृथ्वीनारायण शाहको अधीनमा आयो ।

विजयको समाचार पाएपछि पृथ्वीनारायण शाह स्वयम् भक्तपुर पुगी पराजित राजाहरूलाई भेटे । जयप्रकाश मल्ल पृथ्वीनारायण शाहका मीत थिए। उनी गुह्येश्वरीमा बस्ने इच्छा गरेकाले त्यहीं पठाइए। उनको गोडाको घाउ बल्झिँदै गयो र त्यही व्यथाले पशुपति आर्यघाटमा मार्ग १४ गते उनको मृत्यु भयो। रणजित मल्ल काशीवासमा जाने इच्छा गरेकाले काशी पठाइए। डेढ वर्षपछि काशीमा नै उनको देहान्त भयो । तेजनरसिंह मल्ल केही नबोली चुप रहेकाले भक्तपुरमै कैद गरिए। भक्तपुर विजयपछि पृथ्वीनारायण शाहले काठमाडौंलाई आफ्नो राजधानी बनाए। तीनै शहर नेपालको राजा हुने उनको किशोरावस्थाको सङ्कल्प उपत्यका विजयका साथै साकार भयो। उनी गोर्खा, मकवानपुर, कान्तिपुर, ललितपुर र भक्तपुरसमेत पाँच ठूला रियासतका एकल राजा बने। गोर्खा राज्य नेपाल अधिराज्यमा परिणत भयो ।

**चौबीसे विजयको असफल प्रयत्न**

भक्तपुर विजयपछि पृथ्वीनारायण शाहले पश्चिम विजय गर्ने योजना बनाए । उनका भाइ गुरप्रताप शाह राज्य अंशवण्डा गर्ने माग गरी झगडा गरेर तनहुँमा गई बसेका थिए । तनहूँसँग पृथ्वीनारायण शाहको पुरानो वैरभाव थियो। तनहुँले सहयोग गरेमा अङ्ग्रेजबाट चितवन हुँदै नेपाल पस्न सक्थे। अताएव पृथ्वीनारायण शाहले वि.सं.१८२७ फागुनमा दलजित शाह र केहरसिंह बस्नेतको नेतृत्वमा ५०० जति तालिमी र ९०० जति बेतालिमी फौज तनहुँमाथि नाकमण गर्न पठाए। यिनीहरूले फाल्गुन २४ गते तनहुँको राजधानी सुरमाथि आक्रमण गरे। तनहुँका युवक राजा कामारिदत्त सेन आफ्नो राज्यको रक्षार्थ लड्न स्वय सेनाको नेतृत्व गर्दै अघि सरेका थिए। तर नेपाली पक्षको गोली लागेर उनले बीर गति प्राप्त गरे । राजा मारिएपछि तनहुँका सेनाले आत्मसमर्पण गरे। कामारिदत्त सेनका महिला भाइ १२ वर्षका हरकुमारदत्त सेनलाई तनहुँका राजा बनाई नेपालको आश्रय स्वीकार गराएर उनीहरू फर्किए । यस घटनाबाट लमजुङका राजा वीरमर्दन शाह पनि डराए । उनले पनि नेपालको आश्रय स्वीकार गरे ।

यसप्रकार तनहुँ र लमजुङका राजाहरू आफ्नो आश्रयमा आएकाले पश्चिम विजयका लागि अझ अघि बढ्ने विचार पृथ्वीनारायण शाहले गरे। उनले वि.सं.१८२८ को प्रारम्भमा नै वंशराज पाण्डे र केहरसिंह बस्नेतको नेतृत्वमा ६०० जति तालिमी र २००० जति बेतालिमी सैनिक पश्चिमतर्फ पठाए। वंशराज पाण्डे उत्तरतर्फबाट लमजुङको बाटो कास्कीमाथि आक्रमण गर्न पुगे। भण्डारढिकमा भएको लडाइँमा पराजित भएपछि कास्कीका राजा सिद्धिनारायण शाहले पनि नेपालको आश्रय स्वीकार गरे ।

यता दक्षिणतर्फ तनहूँको बाटो तनहुँका सैन्यसमेत साथमा लिएर केहरसिंह बस्नेत अगाडि बढे । रिसिङ र घिरिङले पहिले नै तनहूँसमै नेपालको आश्रय स्वीकार गरिसकेका थिए । त्यसो हुँदा केहरसिंह बस्ने सरासर भीरकोटमाथि आक्रमण गर्न पुगे । नेपाली आक्रमणका डरले भीरकोट पर्वतसँग मिलिसकेको थियो । वि.सं.१८२८ जेठ २६ गते भीरकोट, गरहूँ र पैयूँमा नेपाली सेनाले अधिकार गरे। विजय गर्दै अघि बढेका वंशराज पाण्डे र केहरसिंह बस्नेत आ-आफ्ना सेनासहित स्याङ्जामा भेट भए । यसैबीच बर्सात सुरु भएकाले नेपाली सेना बसांदभर स्याङ्जामा नै रहे । क्रमशः

# एआईले ९० वर्ष पुरानो गणितीय समस्याको समाधान गरेको दाबी

**दमक**/ आर्टिफिसियल इन्टेलिजेन्स (एआई) क्षेत्रको अग्रणी कम्पनी 'ओपनएआई'ले ९० वर्षदेखि समाधान हुन नसकेको जटिल गणितीय समस्या हल गरेको दाबी गरेको छ । म्पनीले आफ्नो नयाँ एआई मोडल र १० हजार 'एआई बोट्स'को प्रयोग गरी ८८ घण्टाभित्रै 'नेभियर-स्टोक्स' समीकरणसँग सम्बन्धित उक्त समस्या सुल्झाएको जनाएको छ ।

तर, यो दाबीसँगै कम्पनी विवादमा पनि तानिएको छ । न्युयोर्क विश्वविद्यालयका गणित प्राध्यापक ट्रिस्टान बकमास्टरले ओपनएआईले आफू र एन्थ्रोपिकका गणितज्ञ लेभेन्ट अल्पोगेको अनुसन्धानबाट 'चोरी' गरेको आरोप लगाएका छन् ।

बकमास्टरका अनुसार, उनीहरूले यसै विषयमा काम गरिरहेका थिए र ओपनएआईको 'कोडेक्स' टुल प्रयोग गर्दा उक्त जानकारी चुहिएको हुन सक्ने आशंका व्यक्त गरेका छन् । एआईको क्षमताको यो 'माइलस्टोन'ले प्राविधिक क्षेत्रमा ठूलो तरंग ल्याए पनि बौद्धिक सम्पत्तिको सुरक्षा र एआईको नैतिकतामाथि नयाँ प्रश्न उठाएको छ ।

## सूचना ।

झापा जिल्ला दमक नगरपालिका वडा नं. ८ बस्ने भारतीय आर्मी नम्बर JC 125176L दर्जा सुवेदार पल्टन 2/3 GR का श्री बलहाङ कन्दङवाको नाति श्री पूर्ण प्रसाद कन्दङवाको छोरा भारतीय सैनिक श्री लोक प्रसाद कन्दङवाको एक मात्र श्रीमती जिल्ला झापा दमक नगरपालिका वडा नं. ८ बस्ने श्री दिलबहादुर लिम्बूको नातिनी श्री लोक बहादुर लिम्बूको छोरी इन्द्र कुमारी कन्दङवाको नाम श्रीमानको भारतीय दस्तावेजमा श्रीमती इन्द्रकुमारी लेखिएको हुँदा अब उप्रान्त नेपाली नागरिकता बमोजिम नै श्रीमती इन्द्र कुमारी कन्दङवा कायम गर्नको निम्ति सर्वसाधारणमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## दैनिक राशिफल

आज मिति
२०८३ साल
असोज ०६ गते
मंगलबार
22 Sept. 2026
तिथि: एकादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | परिश्रम बढी गर्नु पर्ने । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सवल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगाति । मित्रबाट सहयोग । |

# हिमाविमा ११ का विद्यार्थीको स्वागत



दमक । दमक-२ को हिमालय माध्यमिक विद्यालयमा भर्ना भएका कक्षा ११ का नयाँ विद्यार्थीको स्वागत कार्यक्रम सम्पन्न भएको छ ।

कक्षा १२ का विद्यार्थी भेषराज खड्काको अध्यक्षता तथा विद्यालयका प्रधानाध्यापक द्रोणबहादुर श्रेष्ठको विशिष्ठ आतिथ्यतामा आयोजित सो कार्यक्रममा विद्यालयका शिक्षक, शिक्षिका, कर्मचारी, वि.व्य.समितिका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा प्रधानाध्यापक श्रेष्ठले विद्यालयको अनुशासन, नियमलगायतका विषयसहित विद्यालयले विद्यार्थीको उज्वल भविष्यका लागि अंगिकार गरेका कार्यक्रम तथा शैक्षिक गुणस्तरका विषयमा स्पष्ट पारेका थिए ।

यसैगरी सो कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ममता पोखरेल, शिक्षकको तर्फबाट भोजप्रसाद भट्टराई र विद्यार्थीको तर्फबाट कक्षा ११ का उज्वल कुमारी यादवले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा मनोरञ्जन प्रदान गर्ने गरी सांस्कृतिक कार्यक्रममा जोड दिइएको थियो । आधा दर्जन बढी विद्यार्थीहरूले विभिन्न सांस्कृतिक नृत्य, गायन प्रस्तुत गरेका थिए । विहान ७ बजेदेखि सुरु भएको कार्यक्रम करिब १ बजेसम्म चलेको थियो ।

# ट्रम्पलाई भेट्न सी बुधबार अमेरिका जाने

बेइजिङ/ चीनका राष्ट्रपति सी जिन्पिङले यसै साता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेटवार्ता गर्न अमेरिका भ्रमण गर्ने बेइजिङले सोमबार पुष्टि गरेको छ । सरकारी विज्ञप्तिअनुसार उनी बुधबार अमेरिका पुगेर शुक्रबारसम्म त्यहाँ रहनेछन् । अमेरिकी अधिकारीका अनुसार राष्ट्रपति ट्रम्पले बुधबार जोइन्ट बेस एन्ड्र्युजमा राष्ट्रपति सीलाई स्वागत गर्नेछन् । त्यसको भोलिपल्ट दुई नेताबीच भेटवार्ता हुनेछ ।

विश्वका दुई ठूला अर्थतन्त्रबीच जारी व्यापार तनाव भेटवार्ताको प्रमुख विषय बन्ने अपेक्षा गरिएको छ । दुवै पक्षले करिब एक वर्षदेखि व्यापार युद्धमा अस्थायी युद्धविराम कायम राखे पनि स्थायी सम्झौता हुन सकेको छैन ।

व्यापारसँगै प्रविधि, कृत्रिम बौद्धिकता र आपूर्ति शृत्लाका विषयमा पनि छलफल हुने बताइएको छ । यसैबीच, चीनका उपप्रधानमन्त्री तथा व्यापारसम्बन्धी प्रमुख वार्ताकार हे लिफेङ अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टसँग वार्ता गर्न अमेरिकामै छन् । उनीहरूबीच आइतबार भएको वार्तामा एआईसम्बन्धी विषयमा सञ्चार संयन्त्र स्थापना गर्नेबारे छलफल भएको अमेरिकी पक्षले जनाएको छ ।

# दमकमा ४ हजार बढीले लगाए जेईविरुद्धको खोप



दमक । दमक नगरपालिकामा जापानी इन्सेफ्लाइटिस (जेई) विरूद्धको खोप अभियानको पहिलो दिन ४ हजार ५१९ जनाले खोप लगाएका छन् । असोज ५ गतेदेखि सुरू भएको अभियानमा ३० वर्षमाथिका नागरिकलाई लक्षित गरिएको छ ।

पहिलो दिन खोप लगाउनेमा २ हजार ४९४ महिला र २ हजार २५ पुरूष रहेका छन् । यो लक्षित जनसंख्याको ८.२ प्रतिशत हो । दमकमा ३० वर्षमाथिका करिब ५५ हजार ३४४ जनालाई खोप लगाउने लक्ष्य राखिएको छ ।

वडागत रूपमा दमक-१ मा ५६९, वडा नं. २ मा २०९, वडा नं. ३ मा ५३२, वडा नं. ४ मा ४१८, वडा नं. ५ मा ६०५, वडा नं. ६ मा ४५६, वडा नं. ७ मा ४९१, वडा नं. ८ मा ३८१, वडा नं. ९ मा ५८१ र वडा नं. १० मा २७७ जनाले पहिलो दिन खोप लगाएका छन् ।

पहिलो दिन सबैभन्दा धेरै दमक-५ मा ६०५ जना र सबैभन्दा कम दमक-२ मा २०९ जनाले खोप लगाएका छन् ।

नगरपालिकाले अभियानका लागि सबै वडामा छुट्टाछुट्टै खोप केन्द्र तोकेको छ । असोज ५ गतेदेखि १२ गतेसम्म सम्बन्धित वडाले तोकेको स्थान र मितिअनुसार खोप लगाउने व्यवस्था गरिएको छ । अधिकांश केन्द्रमा बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म खोप लगाइनेछ भने दमक-६ मा बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्मको समय तोकिएको छ । लक्षित समूहमा पर्ने नागरिकलाई आफ्नो टोलका लागि तोकिएको खोप केन्द्रमा उपस्थित भई खोप लगाउन नगरपालिकाले आग्रह गरेको छ ।

- संयोग खतिवडाबाट

# दमक र कमलमा चुनिए कांग्रेसका वडा समिति र क्षेत्रीय प्रतिनिधिहरू



दमक । नेपाली कांग्रेसले झापा क्षेत्र नं ५ अन्तर्गत दमकका १० वटै वडामा नयाँ नेतृत्व चुनएसंगै क्षेत्रीय प्रतिनिधिहरू चयन गरेको छ ।

दमक नगर निर्वाचन समितिका अनुसार दमक ३, ५ मा मतदान गरि समिति तथा प्रतिनिधि चुनिए पनि अन्य वडाहरूमा भने सहमतीबाट नै निर्वाचन कार्यक्रम सम्पन्न गरिएका छन् ।

जसअनुसार दमक १ को सभापतिमा पुण्य काफ्ले, २ को सभापतिमा डुपेन्द्र रिजाल, ३ मा डिल्ली चापागाइँ, ४ मा दिपेश दाहाल, ५ मा सन्तोष गौतम, वडा नं ६ मा देवीप्रसाद गुरागाइँ, ७ मा अतित वान्तवा राई, ८ मा विनोद रेग्मी, ९ मा सन्तोष तामाङ र १० मा घनश्याम खनाल वडा सभापति निर्वाचित भएका छन् । १० वडाका मध्ये १० नम्बर वडामा मात्र सभापति दोहोरिएका हुन् । अधिकांश युवा अनुहार छन् । दमक ६ को कांग्रेस नेतृत्व पाउने गुरागाई दमक उद्योग वाणिज्य संघका वर्तमान अध्यक्ष हुन् ।

दमक ६ वडासमितिको उपसभापतिमा धनपति तिम्सिना,उपसभापतिमा रेणुका ओली, सचिवमा बुद्धिशेखर बजगाईं 'बिबेक', सहसचिवमा दयासागर आचार्य चयन भए । यसैगरि सदस्यहरूमा जोसन गिरी,किरण श्रेष्ठ, विकास अग्रवाल, मुकुन्द तिमल्सिना, कमल शर्मा, संगीता अधिकारी बराल

, इन्दिरा तिम्सिना, नरमाया दर्जी निर्वाचित भएका सभापति गुरागाईले जनाएका छन् ।

यसैगरि, कमलका ७ वटै वडामा सम्पन्न वडा अधिबेशनले वडासभापति सहित क्षेत्रीय प्रतिनिधिहरू सर्वसम्मत चुनिएका सभापति खगेन भण्डारीले बताए । आइतवार कमल ५ बाहेक सवै वडामा अधिबेशन सम्पन्न भएपनि कमल ५ मा भने सोमबार विहान मात्र सहमति जुटेको थियो । जसअनुसार कमल ५ को वडासभापतिमा ताराबहादुर खड्का, कमल ६ मा ओमप्रसाद पारजुली , कमल ७ मा गोपाल सेढाई सभापतिमा चुनिएका छन् ।

कमल ५ बाट खुल्लातर्फ क्षेत्रीय प्रतिनिधिहरूमा हुकुमसिंह राई, दिलीप राई, पदम बहादुर निरौला, शेरबहादुर श्रेष्ठ,दिनेश अधिकारी, समानुपातितर्फ चन्द्रसिंह राई ,यज्ञराज आङदेम्बे (विष्णु ) उमेश तुम्रोक,अभिराज रसाईली,खसआर्यतर्फ दुर्गा अधिकारी र एकराज प्याकुरेल चुनिए । यस्तै, महिलातर्फ क्षेत्रीय प्रतिनिधिहरूमा शुसीला रेग्मी, दिलकुमारी राई ,शुसीला राई, पेशागततर्फ राजु थापा, ३५ वर्ष मुनी उमेर समूहबाट लोकेश राई, आर्दश पाख्रेल, प्रेमकला कार्की, दलिततर्फ कृष्णबहादुर विक,अपाङ्गतातर्फ पिताम्बर खड्का,श्रमिकतर्फ माधव श्रेष्ठ, सेनानीतर्फ देवेन्द्र आङदेम्बे र ऋषिकेश सुवेदी चुनिएका निर्वाचन समितिका संयोजक दुर्गा सेढाईले जानकारी दिए । १५ औं केन्द्रीय महाधिवेशन अन्तर्गत ३ र ४ असोजमा देशभरिका पालिका तहमा वडा अधिबेशन सम्पन्न भएको हो ।

# जिल्ला बाल सञ्जाल गठन

दमक/ झापामा जिल्ला बाल सञ्जाल गठन गरिएको छ । जिल्ला समन्वय समितिका प्रमुख विश्वनाथ बरालको प्रमुख आतिथ्य तथा पूर्व जिल्ला बाल सञ्जाल अध्यक्ष अभिषेक मिश्रको अध्यक्षतामा भएको भेलाले उत्सव पाण्डेको अध्यक्षतामा २१ सदस्यीय जिल्ला बाल सञ्जाल गठन गरेको हो ।

भेलाले अध्यक्षमा पाण्डे, उपाध्यक्षमा सृष्टि पौडेल, सचिवमा राजेश खड्का, कोषाध्यक्षमा एन्जल कुँवर र सहसचिवमा इसान भट्टराईलाई चयन गरेको छ । सदस्यहरूमा आयुष श्रेष्ठ, पुष्पा बराइली, मनिष पाण्डे, आदित्य बुढाथोकी, सेन्जल बास्कोटा, मिना कार्की, कमल पोखरेल, सामुहाङ थेवे, जुनु ढुङ्गेल, हेमन्त ठाकुर र सुविज्ञ दुलाल चयन भएका छन् ।

भेलामा झापाका १५ वटा स्थानीय तहबाट प्रत्येक पालिकाबाट ५ जनाका दरले ७५ जना विद्यार्थीको सहभागिता रहेको थियो । नवनिर्वाचित सचिव राजेश खड्काका अनुसार बाँकी सदस्यहरूलाई मनोनयन गरी जिल्ला बाल सञ्जाललाई २१ सदस्यीय बनाइनेछ ।

नवनिर्वाचित जिल्ला बाल सञ्जालले जिल्लाका बालबालिकाको अधिकार संरक्षण, अर्थपूर्ण सहभागिता, नेतृत्व विकास तथा बालमैत्री वातावरण निर्माणका लागि सक्रिय भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## रूखले च्यापिएर महिलाको मृत्यु

इटहरी / सुनसरीमा रूख ढलेर च्यापिँदा बर्जु गाउँपालिकामा एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा बर्जु गाउँपालिका-६ चिमडीकी ३८ वर्षीया सीता यादव रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए । आइतबार दिउँसो बर्जु ताल क्षेत्रमा गाईवस्तुका लागि घाँस काट्न जादा अचानक हावाहुरी चलेपछि नजिकै रहेको सिमलको रूख ढलेको हो ।

रूखले च्याप्दा यादव घाइते भएकी थिइन् । उनको उपचारका क्रममा बूढीगङ्गास्थित विराट शिक्षण अस्पताल मृत्यु भएको सूचना अधिकारी खड्काले बताए ।


**घर भाडामा**

**दमक-५ मा अवस्थित ३० फुट पिच सडकमा जोडिएको पार्किङ सहितको घर कुनै पनि अफिस र वित्तीय संस्थाको लागि उपयुक्त घर भाडामा छ ।**

सिधा सम्पर्क
९८४२६५०३९५/९८४२६२९०९२


## करेन्ट लगाएर माछा मार्दा मृत्यु

दमक/ झापाको बिर्तामोड नगरपालिका-२ बेलडाँगी डाँडागाउँ टोल विकास संस्थामा बसोबास गर्दै आएका ६२ वर्षीय मोहन मुर्मुको करेन्ट लगाएर माछा मार्ने क्रममा मृत्यु भएको छ ।

मुर्मुको घाग्रा खोलामा करेन्ट लगाएर माछा मार्ने क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । उनी खोलामा मृत अवस्थामा भेटिएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय बिर्तामोडको टोली घटनास्थल पुगेको थियो । घटनास्थलमा मृतकको मुचुल्का उठाउने कार्य भइरहेको बिर्तामोड-२ का वडाध्यक्ष किशोर पौडेलले जानकारी दिए ।

यसैगरी इटहरीमा करेन्ट लाग्दा एक युवकको मृत्यु भएको छ । इटहरी उपमहानगरपालिका-१० संविधान चोकस्थित निर्मला स्टिल फेब्रिकेसन ट्रेनिङ सेन्टरमा काम गर्ने उदयपुर चौदण्डीगढी नगरपालिका-२ घर भई हाल इटहरीमा बस्दै आएका २० वर्षीय शिवम् विकको करेन्ट लागेर मृत्यु भएको हो । बिहान मोटरको 'स्विच अन' गर्ने क्रममा अचानक बायाँ हातमा करेन्ट लागेपछि घाइते भएका विकलाई उपचारका लागि विराट मेडिकल कलेज टिचिङ अस्पताल विराटनगर पु¥याइएकामा उपचारकै क्रममा उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ ।

**जोखिम...**मनसुनी वायुका साथै पश्चिमी वायुको पनि आंशिक प्रभाव छ । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा दक्षिणतर्फ छ । 'उत्तर अन्डमान सागर तथा आसपासमा न्यूनचापीय क्षेत्र विकसित भइरहेको छ । थप बलियो हुँदै पश्चिम( उत्तरपश्चिमतर्फ सर्ने सम्भावना छ । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले न्यूनचापीय प्रणालीको असर कुनै न कुनै रूपमा नेपालमा पर्न सक्ने देखिएको बताए ।

**हुलाक...**लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३' प्रति घोर भर्त्सना र कडा विरोध जनाइएको छ । आर्थिक वर्ष २०८३/०८४ को बजेट संसद्बाट पारित भई बजेटको आकार बढेको अवस्थामा सञ्चारमाध्यमलाई निरूत्साहित गर्ने नियतले ल्याइएको यो कार्यविधि खेदजनक, विभेदकारी र पूर्वाग्रहपूर्ण रहेको महासंघको ठहर छ ।

महासंघले विवाद समाधान नभएसम्म र कार्यविधि फिर्ता नभएसम्म जिल्ला हुलाक कार्यालय झापालाई कुनै पनि छापा माध्यमको लोककल्याणकारी विज्ञापनबापतको बिल नबुझ्न आग्रह गरेको छ । आग्रहलाई बेवास्ता गरी बिल बुझ्ने कार्य भएमा मंगलबार (असोज ६ गते) देखि जिल्ला हुलाक कार्यालय झापामा तालाबन्दीलगायतका कडा आन्दोलनका कार्यक्रम अघि बढाउने चेतावनी दिइएको छ ।

सञ्चारमाध्यमविरोधी कार्यविधि खारेजीको माग गर्दै नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले देशभर आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । महासंघ केन्द्रीय समितिको सर्कुलरअनुसार देशभरका ७७ वटै जिल्ला शाखाहरूले सम्बन्धित जिल्ला हुलाक कार्यालयमार्फत विज्ञापन बोर्ड र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई ज्ञापनपत्र बुझाउने तथा ध्यानाकर्षण गराउने कार्य भइरहेको छ ।

**पुवाखोला....**मेची राजमार्गको वैकल्पिक सडकको रूपमा लिइएको सो सडक इलामदेखि बिर्तामोडसम्म ५० किलोमिटर दुरी पर्दछ । इलाम खण्डको माई नगरपालिका क्षेत्रमा १५ किलोमिटर सडक कालोपत्र भइसकेको छ । बाँकी १७ किलोमिटर खण्डमध्ये १४ किलोमिटर ठेक्का लागेर निर्माण भइरहेको छ ।


**विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं ।


नेपाल सरकार
विज्ञापन बोर्ड













◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५८०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com